तथ्याङ्क ऐनमा
आधारित सामान्य
तथ्याङ्क सर्वेक्षण

政府統計

秘

तपाईंले प्रश्नावली अनलाइन पनि भर्न र पेश गर्न सक्नुहुन्छ।
थप जानकारीको लागि, कृपया संलग्न " सहयोगको लागि अनुरोध र अनलाइन प्रतिक्रिया गाइड " हेर्नुहोस्।

सरकारी तथ्याङ्क अनलाइन सर्वेक्षण सामान्य पोर्टल
https://www.e-survey.go.jp/

2025साल सामाजिक सुरक्षा तथा जनसंख्या समस्याको आधारभूत सर्वेक्षण

# विवाह र प्रसूति सम्बन्धी राष्ट्रिय सर्वेक्षण

## सत्रौँ प्रजनन प्रवृत्ति सम्बन्धी आधारभूत सर्वेक्षण

## 〔एकल (अविवाहित) व्यक्तिहरूको लागि सर्वेक्षण पत्र〕

（हाल रेइवा 7 (2025) साल जुन 30 तारिखको वास्तविकता）

見本 Sample

### सम्पूर्ण दायरामा पर्नुहुने व्यक्तिहरूको लागि

यस सर्वेक्षणमा तपाईको सहयोगको लागि हार्दिक धन्यवाद।

यो जापानमा विवाह, प्रसूति र शिशु स्याहारको वास्तविक अवस्था र चुनौतीहरूबारे अनुसन्धान गर्नको लागि राष्ट्रिय सामाजिक सुरक्षा तथा जनसंख्या समस्या अनुसन्धान संस्थानद्वारा गरिएको राष्ट्रव्यापी नमुना सर्वेक्षण हो।यसले जापानी समाजको लागि भविष्यको अनुमान र नीतिहरूबारे विचार गर्दा महत्त्वपूर्ण सामग्रीको रूपमा काम गर्नेछ।यो सर्वेक्षण पत्रमा दिइएको जवाफहरूलाई तथ्याङ्क बनाउने उद्देश्यका लागि मात्र प्रयोग गरिनेछ र यस बाहेक अन्य कुनै पनि प्रयोगलाई कानुनद्वारा कडा रूपमा निषेध गरिएको छ।तपाईंले दिनुभएको जवाफ पूर्ण रूपमा गोप्य रहने हुनाले कृपया ढुक्क भएर सत्यतथ्य जस्ताको जस्तै जवाफ दिनुहुन अनुरोध गर्दछौं।

（सर्वेक्षणको विस्तृत जानकारी पृष्ठ 13 मा लेखिएको छ।）

साथै यो (सिल गरिएको खाम भित्रको) सर्वेक्षण पत्रको वितरण तथा सङ्कलनको लागि जिल्ला प्रमुख (सहर प्रमुख वा वडा प्रमुख) द्वारा नियुक्त गरिएको सर्वेक्षण अधिकारी तपाईंको घरमा आउनुहुनेछ। नबुझेको कुरा भएमा सर्वेक्षण अधिकारीलाई सोध्नुहोस्।

### जानकारी भर्दा कृपया निम्न अनुसार भर्नुहोस्।

1 यो हाल जुन 30 तारिखको मितिमा 18 वर्ष वा सोभन्दा बढीदेखि 55 वर्ष भन्दा कमका एकल (अविवाहित) व्यक्तिहरू (यसमा सम्बन्ध विच्छेद तथा पति वा पत्नीको मृत्यु भएका व्यक्तिहरू पनि पर्छन्) ले जवाफ दिने सर्वेक्षण पत्र हो।。

2 हाल रेइवा 7(2025) साल जुन 30 तारिखको वास्तविकताको बारेमा कालो बलपेन वा सिसाकलमले लेख्नुहोस्।

3 जवाफ दिँदा, मिल्ने नम्बरमा ◯ लगाउने प्रश्नहरू र आवश्यक जानकारी लेख्नुपर्ने प्रश्नहरू छन्।

4 जवाफ दिइएको सर्वेक्षण पत्रलाई सङ्कलन गरिने खाममा हाली, गम लगाएर बन्द गरेपछि सर्वेक्षण अधिकारीलाई हस्तान्तरण गर्नुहोस्। बन्द गरिएको खामलाई जस्ताको जस्तै राष्ट्रिय सामाजिक सुरक्षा तथा जनसंख्या समस्या अनुसन्धान संस्थान पुर्‍याइनेछ र यस क्रममा उक्त खाम कदापि खोलिनेछैन।

**स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय**
**राष्ट्रिय सामाजिक सुरक्षा तथा जनसंख्या समस्या अनुसन्धान संस्थान**

टोक्यो जिल्ला चियोदा सहर उचिसाइवाइच्यो 2-2-3 हिबिया कोकुसाइ भवन 6F

https://www.ipss.go.jp

| सर्वेक्षण अधिकारीले लेख्ने ठाउँ | |
|---|---|
| जिल्ला | |
| स्वास्थ्य केन्द्र | |
| क्षेत्र नम्बर | |

प्र.1 तपाईंको (1) जन्म मिति लेखी (2) लिङ्ग लेख्ने ठाउँमा मिल्ने नम्बरमा ○ लगाउनुहोस्। साथै, (3) कृपया हामीलाई तपाईंको राष्ट्रियता र यदि तपाई विदेशी नागरिक हुनुहुन्छ भने, जापानमा पहिलो पटक बसोबास गरेको वर्ष र महिना बताउनुहोस्।

| (1) जन्म मिति | (2) लिङ्ग |
|---|---|
| 1. स्योवा<br>2. हेइसेइ<br>3. इस्वी संवत्<br>______साल____महिना | 1. पुरुष<br>2. महिला |

→

| (3) राष्ट्रियता |
|---|
| 1. जापान<br>2. विदेशी देश<br>(जापानमा पहिलो पटक बसोबास सुरु गरेको साल र महिना)<br>→ इस्वी संवत् ____ साल ____ महिना |

प्र.2 तपाई (1)हाल अध्ययन गरिरहनुभएको छ वा स्नातक (पास) गरिसक्नुभएको छ (स्नातक (पास) गरिसकेको व्यक्तिले स्नातक (पास) गरेको उमेर लाइनमा लेख्नुहोस्) र (2)उक्त विद्यालयबारे मिल्ने नम्बरमा ○ लगाउनुहोस्।

| (1) हाल अध्ययन गरिरहेको वा स्नातक (पास) गरिसकेको मिल्ने नम्बरमा ○ लगाउनुहोस्। | | (2) हाल अध्ययन गरिरहेको अथवा अन्त्यमा स्नातक (पास) गरेको विद्यालय एउटा मिल्ने नम्बरमा ○ लगाउनुहोस्। | |
|---|---|---|---|
| 1. म हाल अध्ययन गरिरहेको (यसमा बिदामा बसेको आदि पनि पर्छ) छु। | → अध्ययन गरिरहेको विद्यालय → | 1. निम्न माध्यमिक विद्यालय | 5. जुनियर कलेज/प्राविधिक कलेज |
| | | 2. सहशिक्षा उच्च माध्यमिक विद्यालय | 6. महिला विश्वविद्यालय |
| | | 3. महिला-पुरुष फरक उच्च माध्यमिक विद्यालय | 7. सहशिक्षा विश्वविद्यालय |
| 2. मैले स्नातक (पास) गरिसकेको छु। → अन्त्यमा विद्यालय स्नातक (पास) गरेको उमेर ( ___ )वर्ष अङ्क लेख्नुहोस्। | → अन्त्यमा स्नातक (पास) गरेको विद्यालय → | 4. विशेष प्रशिक्षण कलेज/भोकेसनल विद्यालय (उच्च माध्यमिक विद्यालय स्नातक (पास) पछि) | 8. स्नातक विद्यालय (मास्टर) |
| | | | 9. अन्य ( ) |

※विश्वविद्यालय, स्नातक विद्यालय (मास्टर) (5~8) स्नातक (पास) गरेपछि भोकेसनल विद्यालय आदिमा अध्ययन गरेको खण्डमा, विश्वविद्यालय अथवा स्नातक विद्यालय (मास्टर) लाई "अन्त्यमा स्नातक (पास) गरेको विद्यालय" को रूपमा जवाफ दिनुहोस्।

※बीचमा विद्यालय छोडेको खण्डमा, त्यो भन्दा अघि स्नातक (पास) गरेको विद्यालयलाई "अन्त्यमा स्नातक (पास) गरेको विद्यालय" को रूपमा जवाफ दिनुहोस्।

प्र.3 तपाईंको आमाबुबाको (1)जन्म वर्ष र उमेर, (2)हाल तपाईंसँगै बसोबास/छुट्टिएर बसोबास र (3)अन्त्यमा स्नातक (पास) गरेको विद्यालयबारे जवाफ दिनुहोस्। मिल्ने नम्बरमा ○ लगाई, लाइन भएको ठाउँमा अङ्क लेख्नुहोस्।

| | बुबा | आमा |
|---|---|---|
| (1) जन्म वर्ष | [ 1. ताइस्यो 2. स्योवा 3. इस्वी संवत् ]<br>________जन्म वर्ष (____वर्ष पूरा)<br>※ जीवित मान्छेहरूका मात्र पूरा भएका उमेर लेख्नुहोस्। | [ 1. ताइस्यो 2. स्योवा 3. इस्वी संवत् ]<br>________जन्म वर्ष (____वर्ष पूरा)<br>※ जीवित मान्छेहरूका मात्र पूरा भएका उमेर लेख्नुहोस्। |
| (2) हाल तपाईंसँगै बसोबास वा छुट्टिएर बसोबास | 1. सँगै बसोबास<br>2. एकै सहर, नगरपालिका वा गाउँपालिका भित्र छुट्टिएर बसोबास<br>3. अन्य क्षेत्रमा छुट्टिएर बसोबास<br>4. मृत्यु भइसक्यो। | 1. सँगै बसोबास<br>2. एकै सहर, नगरपालिका वा गाउँपालिका भित्र छुट्टिएर बसोबास<br>3. अन्य क्षेत्रमा छुट्टिएर बसोबास<br>4. मृत्यु भइसक्यो। |
| (3) अन्त्यमा स्नातक (पास) गरेको विद्यालय<br>※ पुरानो प्रणालीको उच्च माध्यमिक तथा प्राथमिक विद्यालय, प्राथमिक विद्यालयलाई निम्न माध्यमिक विद्यालय स्नातक भनेर लेख्नुहोस्। पुरानो प्रणालीको महिला उच्च माध्यमिक विद्यालयलाई उच्च माध्यमिक विद्यालय स्नातक भनेर लेख्नुहोस्। | 1. निम्न माध्यमिक विद्यालय<br>2. उच्च माध्यमिक विद्यालय<br>3. विशेष प्रशिक्षण कलेज/भोकेसनल विद्यालय (उच्च माध्यमिक विद्यालय स्नातक (पास) पछि)<br>4. जुनियर कलेज/प्राविधिक कलेज<br>5. विश्वविद्यालय<br>6. स्नातक विद्यालय (मास्टर)<br>7. अन्य ( ) | 1. निम्न माध्यमिक विद्यालय<br>2. उच्च माध्यमिक विद्यालय<br>3. विशेष प्रशिक्षण कलेज/भोकेसनल विद्यालय (उच्च माध्यमिक विद्यालय स्नातक (पास) पछि)<br>4. जुनियर कलेज/प्राविधिक कलेज<br>5. विश्वविद्यालय<br>6. स्नातक विद्यालय (मास्टर)<br>7. अन्य ( ) |

प्र.4 तपाईंको दाजुभाइ दिदीबहिनीको संख्या ( ) मा लेख्नुहोस् (यसमा मृत्यु भएका व्यक्तिहरू पर्दैनन्)।

| तपाईं सहित जम्मा |
|---|
| ( ___ ) जना |

→ तपाईंको दाजुभाइ दिदीबहिनीको विस्तृत विवरण →

| दाइ | दिदी | भाइ | बहिनी |
|---|---|---|---|
| ( ___ ) जना | ( ___ ) जना | ( ___ ) जना | ( ___ ) जना |
| नभएको खण्डमा 0 लेख्नुहोस्। | नभएको खण्डमा 0 लेख्नुहोस्। | नभएको खण्डमा 0 लेख्नुहोस्। | नभएको खण्डमा 0 लेख्नुहोस्। |

見本 Sample

प्र.5 तपाई र तपाईको आमाबुबाको कामको स्थितिबारे जवाफ दिनुहोस्। तपाईको बारेमा a र b को 2 वटाको समयबारे, साथै आमाबुबाको हालको बारेमा, प्रत्येकको (1) कामको स्थिति, (2) पेसाको प्रकार र (3)कार्यस्थलको कर्मचारी संख्या (आमाबुबाको सन्दर्भमा प्रकार अनुसार) को मिल्ने नम्बर एक-एक वटामा ◯ लगाउनुहोस्। (एक भन्दा बढी काम गरिरहेको खण्डमा मुख्य कामबारे जवाफ दिनुहोस्)।

| प्रश्नको दायरा ⇩ | प्रश्नको दायरामा पर्ने समय ⇩ | (1)कामको स्थिति※1 |  |  |  |  |  | (2)पेसाको प्रकार |  |  |  |  |  |  | (3)कार्यस्थलको कर्मचारी संख्या (यसमा मुख्यालय/शाखा कार्यालय पनि पर्छ।) |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | 1 स्थायी कर्मचारी | 2 पार्ट टाइम/आरुबाइतो | 3 डिस्प्याच, अस्थायी, कन्ट्र्याक्ट कर्मचारी | 4 आफ्नै व्यवसायको मालिक, परिवारको व्यवसायमा संलग्न, घर भित्रै गरिने सहायक पेसा | 5 बेरोजगार, घरको काम | 6 विद्यार्थी | 1 मुख्य रूपमा कृषि, वन तथा मत्स्य पालन उद्योग | 2 कृषि, वन तथा मत्स्य पालन उद्योग बाहेक अन्य आफ्नै व्यवसायको मालिक | 3 विशेष ज्ञान र सीप आवश्यक पेसा | 4 व्यवस्थापनको काम | 5 अफिसको काम | 6 बिक्री तथा सेवा प्रदान गर्ने काम | 7 कारखाना जस्ता कार्यस्थलको कामदार | 1 1~9 जना | 2 10~29 जना | 3 30~99 जना | 4 100~299 जना | 5 300~999 जना | 6 1000 जना वा सोभन्दा बढी | 7 सरकारी कार्यालय |
|  |  | जवाफ दिने ठाउँ<br>1~6 मध्येको मिल्ने नम्बरमा ◯ लगाउनुहोस्।<br>1~4 मा ◯ लगाएको अवस्थामा दायाँ स्तम्भमा जानुहोस्। |  |  |  |  |  | (1) मा 1~4 मा ◯ लगाएको अवस्थामा मात्र मिल्ने नम्बरमा ◯ लगाउनुहोस्। |  |  |  |  |  |  | (1) मा 1~4 मा ◯ लगाएको अवस्थामा मात्र मिल्ने नम्बरमा ◯ लगाउनुहोस्। |  |  |  |  |  |  |
| तपाई | a. अन्त्यमा विद्यालय स्नातक (पास) गर्ने बितिकै※2 | 1 | 2 | 3 | 4 | 5 | 6 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
|  | b. हाल | 1 | 2 | 3 | 4 | 5 | 6 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |

※1 अध्ययन गर्दै आरुबाइतो गरिरहेको खण्डमा, "कामको स्थिति" मा "विद्यार्थी" मा ◯ लगाउनुहोस्।
※2 हाल अध्ययन गरिरहेको व्यक्तिले यस अघि विद्यालय स्नातक (पास) गर्ने बितिकैको स्थितिको बारेमा लेख्नुहोस्।

【आमाबुबा जीवित भएको व्यक्तिले मात्र लेख्नुहोस्।】

|  |  | (1) |  |  |  |  |  | (2) |  |  |  |  |  |  | (3) एउटा मिल्ने नम्बरमा ◯ लगाउनुहोस्। |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बुबा | c. हाल | 1 | 2 | 3 | 4 | 5 | 6 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 1 ठूलो कम्पनी 2 साना तथा मध्यम स्तरको कम्पनी 3 सरकारी कार्यालय |
| आमा | d. हाल | 1 | 2 | 3 | 4 | 5 | 6 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 1 ठूलो कम्पनी 2 साना तथा मध्यम स्तरको कम्पनी 3 सरकारी कार्यालय |

● हाल आय आर्जन हुने काम भएको व्यक्तिले जवाफ दिनुहोस्। काम नभएको व्यक्ति प्र. 5 मा जानुहोस्।

प्र.6 तपाईको हालको काम (आय आर्जन हुने काम। एक भन्दा बढी भएको खण्डमा मुख्य कामबारे जवाफ दिनुहोस्) को बारेमा, निम्न (1)~(4) मा पर्ने अङ्क लेख्नुहोस् र (5) मा एउटा मिल्ने नम्बरमा ◯ लगाउनुहोस्।

|  | तपाईको कामको बारेमा<br>(आय आर्जन हुने काम गरिरहेको खण्डमा लेख्नुहोस्) |
|---|---|
| (1) काम गर्ने दिनको दैनिक औसत काम गर्ने समय | प्रति दिन औसत [ ] घण्टा [ ] मिनेट (ओभरटाइम सहितको औसत काम गर्ने समय लेख्नुहोस्।) |
| (2) 1 हप्ताको औसत काम गर्ने दिन संख्या | साप्ताहिक औसत [ ] दिन |
| (3) हालको कामको सेवा अवधि अथवा निरन्तर काम गरिरहेको वर्ष संख्या※ | लगभग [ ] वर्ष <1 वर्ष भन्दा कमको खण्डमा 1 वर्ष लेख्नुहोस्।> |
| (4) यो सालको मे महिनाको आय | कर सहित लगभग [ ] येन (व्यवसायिक आयको खण्डमा, बिक्री रकमबाट सबै खर्चहरू घटाइएको रकम लेख्नुहोस्। निम्न (5) पनि एकै हो।) |
| (5) गत साल (2024 साल) को वार्षिक आय | कर सहित<br>0. 10 हजार~9 लाख 90 हजार येन<br>1. 10 लाख~19 लाख 90 हजार येन<br>2. 20 लाख~29 लाख 90 हजार येन<br>3. 30 लाख~39 लाख 90 हजार येन<br>4. 40 लाख~49 लाख 90 हजार येन<br>5. 50 लाख~59 लाख 90 हजार येन<br>6. 60 लाख~69 लाख 90 हजार येन<br>7. 70 लाख~79 लाख 90 हजार येन<br>8. 80 लाख~89 लाख 90 हजार येन<br>9. 90 लाख~99 लाख 90 हजार येन<br>10. 1 करोड येन वा सोभन्दा बढी<br>11. छैन। |

※ बिदाबाट काममा फर्केको समय वा कम्पनी भित्रको सरुवा भए पछिको समयदेखि नभईकन, त्यो कार्यस्थलमा काम सुरु गरेको समयदेखिको वर्ष संख्या लेख्नुहोस्।

## सबैले जवाफ दिनुहोस्।

प्र.7 अहिलेको तपाईलाई विवाह गरेर कुनै फाइदा हुन्छ जस्तो लाग्छ? बायाँ तलको बक्सको मिल्ने नम्बरमा ○ लगाउनुहोस्। "1.फाइदा हुन्छ जस्तो लाग्छ" मा ○ लगाएको व्यक्तिले दायाँपट्टिको बक्सबाट 2 वटासम्म ठोस फाइदा चयन गरी दायाँको जवाफ दिने ठाउँमा नम्बर लेख्नुहोस्।

**कुनै एउटा नम्बर मा ○ लगाउनुहोस्।**

अहिलेको तपाईलाई विवाह गरेर

1. फाइदा हुन्छ जस्तो लाग्छ। →
2. फाइदा हुँदैन जस्तो लाग्छ।

**दायाँको जवाफ दिने ठाउँमा नम्बर लेख्नुहोस्।**

1. आर्थिक रूपमा सहज हुन्छ।
2. सामाजिक विश्वसनीयता प्राप्त हुन्छ र वरपरका मान्छेहरू समान भइन्छ।
3. मानसिक रूपमा शान्त हुने स्थान प्राप्त हुन्छ।
4. हाल माया गर्ने व्यक्तिसँग बसोबास गर्न सकिन्छ।
5. आफ्नै बच्चा र परिवार हुन्छ।
6. यौन सन्तुष्टि प्राप्त हुन्छ।
7. दैनिक जीवन सहज हुन्छ।
8. आमाबुबाबाट स्वतन्त्र हुन सकिन्छ।
9. आमाबुबालाई ढुक्क बनाई, वरपरका मान्छेहरूको अपेक्षा पूरा गर्न सकिन्छ।
10. अन्य ( )

| जवाफ दिने ठाउँ (नम्बर लेख्नुहोस्।) | |
|---|---|
| सबैभन्दा ठूलो फाइदा | दोस्रो ठूलो फाइदा |
| | |

प्र.8 अब यसको विपरीत, अहिलेको तपाईको एकल (अविवाहित) जीवनमा विवाहित जीवनमा नभएको फाइदा छ जस्तो लाग्छ? बायाँ तलको बक्सको मिल्ने नम्बरमा ○ लगाउनुहोस्। "1.फाइदा हुन्छ जस्तो लाग्छ" मा ○ लगाएको व्यक्तिले दायाँपट्टिको बक्स भित्रबाट 2 वटासम्म ठोस फाइदा चयन गरी दायाँको जवाफ दिने ठाउँमा नम्बर लेख्नुहोस्।

**कुनै एउटा नम्बर मा ○ लगाउनुहोस्।**

अहिलेको तपाईलाई एकल (अविवाहित) जीवन बिताएमा

1. फाइदा हुन्छ जस्तो लाग्छ। →
2. फाइदा हुँदैन जस्तो लाग्छ।

**दायाँको जवाफ दिने ठाउँमा नम्बर लेख्नुहोस्।**

1. स्वतन्त्र रूपमा आफूलाइ गर्न मन लागेका कुरा गर्न र जीवन बिताउन सकिन्छ।
2. स्वतन्त्र रूपमा विपरीत लिङ्गीसँग प्रेम सम्बन्ध बनाउन सकिन्छ।
3. आर्थिक सम्पन्नता
4. आवास तथा वातावरण चयनको विकल्पहरूको फराकिलो हुन्छ।
5. परिवारलाई पालनपोषण गर्ने जिम्मेवारी नहुने हुनाले सजिलो हुन्छ।
6. साथीहरू जस्ता व्यापक मानवीय सम्बन्धहरू कायम राख्न सजिलो हुन्छ।
7. काम गरेर समाजसँगको सम्बन्ध कायम राख्न सकिन्छ।
8. हालको परिवारसँगको सम्बन्ध कायम राख्न सकिन्छ।
9. अन्य ( )

| जवाफ दिने ठाउँ (नम्बर लेख्नुहोस्।) | |
|---|---|
| सबैभन्दा ठूलो फाइदा | दोस्रो ठूलो फाइदा |
| | |

प्र.9 तलको बक्समा केही महिलाको जीवनशैलीका प्रकारहरू लेखिएको छ। प्रत्येकको लागि, तलको बक्सबाट तपाईलाई नजिकको लाग्ने प्रकारको नम्बर चयन गरी, जवाफ दिने ठाउँमा लेख्नुहोस्।

**【महिलाको लागि】**

(1)तपाई कस्तो प्रकारको जीवनलाई आफ्नो आदर्श जीवनको रूपमा कल्पना गर्नुहुन्छ?

(2)आदर्श जीवनलाई एकातिर छोडेर, यथार्थमा तपाईलाई कस्तो प्रकारको जीवन तपाईको लागि सबैभन्दा बढी सम्भव छ जस्तो लाग्छ?

| महिलाले जवाफ दिने ठाउँ | (1) कल्पना गरेको आदर्श जीवन | (2) सबैभन्दा बढी सम्भावना भएको जीवन |
|---|---|---|
| | | |

**【पुरुषको लागि】** तपाईलाई आफ्नो पार्टनर (अथवा पत्नी) हुने महिलाले कस्तो प्रकारको जीवन बिताए हुन्थ्यो जस्तो लाग्छ?

| पुरुषले जवाफ दिने ठाउँ | पार्टनर (अथवा पत्नी) हुने महिलाबाट आशा गरेको जीवन |
|---|---|
| | |

**माथिको जवाफ दिने ठाउँमा नम्बर लेख्नुहोस्।**

1. विवाह नगरीकन काम गरिरहने
2. विवाह गर्ने तर बच्चा नजन्माई काम गरिरहने
3. विवाह गरेर बच्चा जन्माउने तर काम पनि गर्ने
4. विवाह गरेर बच्चा जन्माउने तर विवाह अथवा प्रसूतिका अवसरमा एकपटक काम छोडेर शिशु स्याहार पछि पुनः काम गर्ने
5. विवाह गरेर बच्चा जन्माउने, विवाह अथवा प्रसूतिका अवसरमा काम छोडेर त्यसपछि काम नगर्ने
6. अन्य ( )

見本 Sample

## ● सबैले जवाफ दिनुहोस्।

प्र.10 विवाह, महिला-पुरुषको सम्बन्ध, परिवार र बच्चा जन्माउने कुराको बारेमा विभिन्न विचारधाराहरु छन्। तल ①~⑭ मा लहरै विभिन्न विचारधाराहरु लेखिएका छन्। प्रत्येकप्रति तपाईको कस्तो विचार छ? प्रत्येकको दायाँ स्तम्भको एउटा मिल्ने नम्बरमा ○ लगाउनुहोस्।

※ यस प्रश्नमा तपाईले सजिलै सहमत वा असहमतको पक्ष लिन सक्ने गरी निश्चित अभिव्यक्तिहरु प्रयोग गरिएको छ। साथै केही असामान्य विचारधारा पनि समावेश छन्।

| | (बायाँको विचारधारासँग) 1 पूर्ण रुपमा सहमत | 2 कुनै एक भन्नु पर्दा सहमत | 3 कुनै एक भन्नु पर्दा असहमत | 4 पूर्ण रुपमा असहमत |
|---|---|---|---|---|
| | प्रत्येकको एउटा नम्बरमा ○ लगाउनुहोस्। | | | |
| ① जीवनभर एकल (अविवाहित) रहनु भनेको जीवन बिताउने आदर्श तरिका होइन। | 1 | 2 | 3 | 4 |
| ② एक पुरुष र एक महिला सँगै बसोबास गर्ने भए, उनीहरूले विवाह गर्नुपर्छ। | 1 | 2 | 3 | 4 |
| ③ एक पुरुष र एक महिलाले एकअर्कालाई माया गर्छन् भने उनीहरूले विवाह अघि यौनसम्पर्क राखे पनि हुन्छ। | 1 | 2 | 3 | 4 |
| ④ जस्तो समाजमा पनि, एक निश्चित हदसम्मको स्त्रीत्व र पुरुषत्व आवश्यक हुन्छ। | 1 | 2 | 3 | 4 |
| ⑤ विवाह पछि पनि, जीवनमा आफ्नो पति वा पत्नी र परिवार भन्दा अलग, आफू एक्लैको व्यक्तिगत लक्ष्य हुनुपर्छ। | 1 | 2 | 3 | 4 |
| ⑥ विवाह पछि, परिवारको लागि आफ्नो व्यक्तित्व र जीवनशैलीको आधा त्याग गर्नु स्वाभाविक हो। | 1 | 2 | 3 | 4 |
| ⑦ विवाह पछि, पतिले बाहिर काम गर्नुपर्छ र पत्नीले घरको हेरचाह गर्नुपर्छ। | 1 | 2 | 3 | 4 |
| ⑧ विवाह गरेपछि बच्चाहरु जन्माउनुपर्छ। | 1 | 2 | 3 | 4 |
| ⑨ कम्तिमा पनि, बच्चाहरु साना छँदा आमाहरूले बाहिरको काम नगरी घरमै रहनु राम्रो हुन्छ। | 1 | 2 | 3 | 4 |
| ⑩ एकपटक विवाह गरेपछि, व्यक्तित्वको बेमेल मात्र भएको कारणले छुट्टिनु हुँदैन। | 1 | 2 | 3 | 4 |
| ⑪ विवाह नगरीकन बच्चा जन्माए पनि हुन्छ। | 1 | 2 | 3 | 4 |
| ⑫ विवाहित पुरुषको लागि परिवारसँग समय बिताउने समय कामको सफलता भन्दा बढी महत्त्वपूर्ण हुन्छ। | 1 | 2 | 3 | 4 |
| ⑬ महिलाले पहिलो बच्चा जन्माउने भए, 20~29 वर्षको उमेरमा जन्माउनु राम्रो हुन्छ। | 1 | 2 | 3 | 4 |
| ⑭ पुरुष वा महिला बीच समलिङ्गी विवाह गरे पनि हुन्छ। | 1 | 2 | 3 | 4 |

प्र.11 तपाईको वरपरको स्थितिबारे जवाफ दिनुहोस्। तलको ①~③ को सन्दर्भमा, प्रत्येकमा दायाँ स्तम्भको एउटा मिल्ने नम्बरमा ○ लगाउनुहोस्। तपाईको अवस्थामा प्रश्नको दायरामा पर्ने व्यक्ति नभएको खण्डमा, 5 मा ○ लगाउनुहोस्।

| | (बायाँको स्थितिसँग) 1 मिल्छ। | 2 कुनै एक भन्नु पर्दा मिल्छ। | 3 कुनै एक भन्नु पर्दा मिल्दैन। | 4 मिल्दैन। | 5 दायरामा पर्ने व्यक्ति छैन। |
|---|---|---|---|---|---|
| | प्रत्येकको एउटा नम्बरमा ○ लगाउनुहोस्। | | | | |
| ① शिशु वा साना बच्चाहरूसँग भेटघाट हुने अवसर धेरै थियो (धेरै छ)। | 1 | 2 | 3 | 4 | — |
| ② आफूले पनि आमाबुबाको जस्तो विवाहित दम्पती बनाउने इच्छा छ। | 1 | 2 | 3 | 4 | 5 |
| ③ वरपरका विवाहित साथीहरूलाई हेर्दा तिनीहरु खुसी देखिन्छन्। | 1 | 2 | 3 | 4 | 5 |

見本 Sample

● यो पृष्ठमा विवाहको अनुभव लगायत व्यक्तिगत कुराहरूबारे जवाफ दिनुहोस्।

※ यसमा केही अत्यन्तै व्यक्तिगत मामिलाहरू समावेश छन्। यसले सामाजिक सम्बन्धमा समयसँगै भएका परिवर्तनहरू बुझ्न र नीतिहरू निर्माण गर्न महत्वपूर्ण सामग्रीको रूपमा काम गर्नेछ। यो सर्वेक्षणको उद्देश्यलाई बुझेर सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछौं।

प्र.12 तपाईले विगतमा विवाह (दर्ता गरिएको विवाह) गर्नुभएको छ? मिल्ने नम्बरमा ○ लगाउनुहोस्।

1. छैन। 2. छ (सम्बन्ध विच्छेद भयो) 3. छ (पति वा पत्नीको मृत्यु भयो)

प्र.13 तपाईले विगतमा लिभिङ टुगेदरको अनुभव (निश्चित विपरीत लिङ्गीसँग विवाह दर्ता नगरी सँगै बसोबास) गर्नुभएको छ? एउटा मिल्ने नम्बरमा ○ लगाई, यसको अनुभव भएको व्यक्तिले लाइन भएको ठाउँमा लिभिङ टुगेदर गरेको (हाल गरिरहेको) समय (उमेर) लेख्नुहोस्।

| (1) लिभिङ टुगेदरको अनुभव |
|---|
| 1. छैन। 2. विगतमा थियो तर हाल छैन। 3. हाल गरिरहेको छ। → (2) |

| (2) लिभिङ टुगेदरको समय (सबैभन्दा पछिल्लो अनुभवको बारेमा) |
|---|
| ( ___ ) वर्षदेखि( ___ )वर्षसम्म |

प्र.14 के तपाईले कहिल्यै विपरीत लिंगी (1) सँग यौन सम्बन्ध राख्नुभएको छ? कुनै-कुनै अवस्थामा, सबैभन्दा पछिल्लो अनुभव यो हो कि (2) के तपाईले गर्भनिरोधक प्रयोग गर्नुभयो, र (3) विधि के थियो? एउटा मिल्ने नम्बरमा ○ लगाउनुहोस्।

| (1)विपरीत लिंगीसँग यौन सम्बन्ध को अनुभव |
|---|
| 1. छ → (2) |
| 2. छैन। |

| (2)गर्भनिरोधकको प्रयोग (सबैभन्दा पछिल्लो अनुभवको बारेमा) |
|---|
| 1. गर्भनिरोधक प्रयोग गरें → (3) |
| 2. गर्भनिरोधक प्रयोग गरिनँ। |

| (3)गर्भनिरोधक विधि | |
|---|---|
| 1. कन्डम | 4. निकासी विधि |
| 2. ओगिनो विधि/BBT विधि | 5. अन्य |
| 3. पील (मौखिक गर्भनिरोधक औषधि) | ( ) |

प्र.15 तपाई (पुरुषको खण्डमा पत्नी वा पार्टनर) ले (1)अहिलेसम्म जन्माउनुभएको बच्चाबारे, एउटा मिल्ने नम्बरमा ○ लगाउनुहोस्। बच्चा भएको खण्डमा, (2)दायरामा पर्ने बच्चाको जन्म मिति लेखी, (3)उक्त बच्चासँग बसोबास गरिरहनुभएको छ वा छैन भन्ने कुराबारे प्रत्येकमा एउटा मिल्ने नम्बरमा ○ लगाउनुहोस्।

| (1) अहिलेसम्म जन्माएको बच्चाको संख्या |
|---|
| 0. बच्चा छैन। |
| 1. 1जना |
| 2. 2जना |
| 3. 3जना |
| 4. 4जना वा सोभन्दा बढी ( )जना |

(1–4 → (2))

| | (2) बच्चाको जन्म मिति | (3)उक्त बच्चासँगै बसोबास गरिरहनुभएको छ? |
|---|---|---|
| पहिलो | [ 1. स्योवा 2. हेइसेइ 3. रेइवा 4. इस्वी संवत् ] ____ साल ___ महिना | 1. सँगै बसोबास<br>2. छुट्टिएर बसोबास/अन्य |
| दोस्रो | [ 1. स्योवा 2. हेइसेइ 3. रेइवा 4. इस्वी संवत् ] ____ साल ___ महिना | 1. सँगै बसोबास<br>2. छुट्टिएर बसोबास/अन्य |
| तेस्रो | [ 1. स्योवा 2. हेइसेइ 3. रेइवा 4. इस्वी संवत् ] ____ साल ___ महिना | 1. सँगै बसोबास<br>2. छुट्टिएर बसोबास/अन्य |

※ 4 जना वा सोभन्दा बढी भएको व्यक्तिले तेस्रो बच्चासम्मको जानकारी लेखे हुन्छ।

प्र.16 तपाई (1) विपरीत लिङ्गीसँग प्रेम सम्बन्धमा हुनुहुन्छ? एउटा मिल्ने नम्बरमा ○ लगाउनुहोस्। साथै त्यो जवाफ पछिको तीर अनुसार (2) प्रेम सम्बन्धको चाहना, (3)प्रेम सम्बन्धमा रहेको व्यक्तिसँग विवाहको चाहना (सबैभन्दा घनिष्ठ सम्बन्ध भएको व्यक्ति) र (4)विवाह गर्ने योजना गर्नुभएको साल र महिना मध्ये कुनै एकको जवाफ दिनुहोस्।

| (1) विपरीत लिङ्गीसँगको प्रेम सम्बन्धको स्थिति |
|---|
| 1. प्रेम सम्बन्ध भएको विपरीत लिङ्गी छैन। → (2) |
| 2. साथीको रूपमा सम्बन्ध भएको विपरीत लिङ्गी छ → (3) |
| 3. प्रेमी/प्रेमिकाको रूपमा सम्बन्ध भएको विपरीत लिङ्गी छ → (3) |
| 4. मगनी भएको व्यक्ति छ। → (4) |
| (4)विवाहको योजना [ 1. रेइवा 2. इस्वी संवत् ] _____साल____महिना तिर |

| (2) विपरीत लिङ्गीसँग प्रेम सम्बन्धको चाहना |
|---|
| 1. प्रेम सम्बन्धको चाहना छ। |
| 2. खासै विपरीत लिङ्गीसँग प्रेम सम्बन्धको चाहना छैन। |

| (3) (सबैभन्दा घनिष्ठ) प्रेम सम्बन्धमा रहेको व्यक्तिसँग विवाहको चाहना |
|---|
| 1. विवाह गर्ने चाहन्छु। |
| 2. विवाहबारे खासै सोचेको छैन। |

प्र.17 तपाईको हालसम्मको सम्बन्धको अनुभव (प्रेमी/प्रेमिकाको रूपको प्रेम सम्बन्ध) बारे जवाफ दिनुहोस्। मिल्ने नम्बरमा ○ लगाउनुहोस्।

| (1)प्रेमी/प्रेमिकाको रूपमा सम्बन्ध बनाएको अनुभव |
|---|
| 1. छैन। 2. छ → (2) |

| (2)प्रेम सम्बन्धमा रहेको व्यक्तिको लिङ्ग |
|---|
| 1. पुरुष 2. महिला |

見本 Sample

● हाल प्रेम सम्बन्धमा रहेको व्यक्ति भएको व्यक्तिले (प्र. 16 (1) मा 2~4 मा ○ लगाएको व्यक्ति) जवाफ दिनुहोस्।
प्रेम सम्बन्धमा नभएको व्यक्ति प्र. 19 मा जानुहोस्।

प्र.18 (सबैभन्दा घनिष्ठ) प्रेम सम्बन्धमा रहेको व्यक्तिसँग कहिले तिर, कस्तो अवसरमा चिनजान भयो? (1)चिनजान भएको साल र महिना लेखी, (2)चिनजान भएको अवसरसँग मिल्ने एउटा नम्बरमा ○ लगाउनुहोस्। साथै प्रेम सम्बन्धमा रहेको व्यक्तिको (3)हालको उमेर, (4) अन्त्यमा स्नातक (पास) गरेको (अथवा अध्ययन गरिरहेको) विद्यालय र (5)हालको कामको स्थितिको बारेमा जवाफ दिनुहोस्।

| (1)चिनजान भएको साल र महिना | (2) कस्तो अवसरमा चिनजान भयो? | प्रेम सम्बन्धमा रहेको व्यक्तिको बारेमा<br>(3)हालको उमेर | (4)अन्त्यमा स्नातक (पास) गरेको (अथवा अध्ययन गरिरहेको) विद्यालय | (5)हालको कामको स्थिति※1 |
|---|---|---|---|---|
| 1. स्योवा<br>2. हेइसेइ<br>3. रेइवा<br>4. इस्वी संवत्<br>________साल<br>______महिना तिर | एउटा मिल्ने नम्बरमा ○ लगाउनुहोस्।<br>1. विद्यालयमा<br>2. कार्यस्थल वा कामको सम्बन्धमा<br>3. बाल्यकालको साथी/छिमेकी<br>4. विद्यालय बाहेकको सर्कल, क्लब गतिविधिहरू वा अतिरिक्त क्रियाकलापमा<br>5. साथी/दाजुभाइ दिदीबहिनी मार्फत<br>6. विवाह गर्ने उद्देश्यले अरूले चिनाइदिने सेवा (यसमा आफन्त, हा<br>7. विवाह परामर्श केन्द्रमा (यसमा अनलाइन पनि पर्छ)<br>8. सहरमा वा यात्रामा गएको ठाउँमा<br>9. आरुबाइतोमा<br>10. (माथि लेखिएका कुराहरू बाहेक) इन्टरनेटमा※2<br>↳( विस्तृत रूपमा )<br>11. अन्य →( विस्तृत रूपमा ) | ( __ )वर्ष | एउटा मिल्ने नम्बरमा ○ लगाउनुहोस्।<br>1. निम्न माध्यमिक विद्यालय<br>2. उच्च माध्यामक विद्यालय<br>3. विशेष प्रशिक्षण कलेज/भोकेसनल विद्यालय (उच्च माध्यमिक विद्यालय स्नातक (पास) पछि)<br>4. जुनियर कलेज/ प्राविधिक कलेज<br>5. विश्वविद्यालय<br>6. स्नातक विद्यालय (मास्टर)<br>7. अन्य<br>( ) | एउटा मिल्ने नम्बरमा ○ लगाउनुहोस्।<br>1. स्थायी कर्मचारी<br>2. पार्ट टाइम/आरुबाइतो<br>3. डिस्प्याच, अस्थायी, कन्ट्र्याक्ट कर्मचारी<br>4. आफ्नै व्यवसायको मालिक, परिवारको व्यवसायमा संलग्न, घर भित्रै गरिने सहायक पेसा<br>5. बेरोजगार, घरको काम<br>6. विद्यार्थी |

※1 प्रेम सम्बन्धमा रहेको व्यक्तिले अध्ययन गर्दै आरुबाइतो गरिरहेको खण्डमा, "कामको स्थिति" मा "विद्यार्थी" मा ○ लगाउनुहोस्।
※2 "इन्टरनेटमा" ले SNS, वेबसाइट, एप्लिकेसन आदिमा गरिने कुराकानीको क्रममा चिनजान भएको अवस्थालाई जनाउँछ।

● सबैले बच्चाको चाहनाबारे जवाफ दिनुहोस्।

प्र.19 तपाईं (1)कति जना बच्चा चाहनुहुन्छ? साथै (2)बच्चाको सन्दर्भमा, छोरा र छोरीको संख्या सम्बन्धी कुनै चाहना छ? मिल्ने नम्बरमा ○ लगाई, लाइन भएको ठाउँमा संख्या लेख्नुहोस्। साथै बच्चाको चाहना भएको व्यक्तिले लाइन भएको ठाउँमा (3)पहिलो (त्यसपछिको) बच्चा जन्माउन चाहने उमेर लेख्नुहोस्।

**(1) चाहने बच्चाको संख्या**

0. बच्चा चाहिँदैन। → प्र. 21 मा जानुहोस्।
1. 1जना
2. 2जना
3. 3जना
4. 4जना
5. ५ जना वा सोभन्दा बढी ( )जना

→ **(2) छोरा र छोरीको संख्याको चाहना**

छोरा र छोरीको संख्या सम्बन्धी

1. चाहना छ → छोरा( )जना / छोरी( )जना
2. खासै चाहना छैन।

→ **(3)पहिलो (त्यसपछिको) बच्चा जन्माउन चाहने उमेर**

तपाईं

( __ ) वर्ष जतिको बेला

● अघिल्लो प्रश्न (प्र. 19(1)) मा, पहिलो चाहने बच्चाको संख्या 1 जना भन्दा बढी भनेर जवाफ दिनुभएको व्यक्तिले (1~5 मा ○ लगाएको व्यक्ति) जवाफ दिनुहोस्।

प्र.20 1 जना वा सोभन्दा बढी बच्चा चाहन्छु भनेर विचार गर्नुको कारण के हो? तलका कारणहरू मध्येबाट मिल्ने नम्बरहरू सबैमा ○ लगाई, ती मध्येबाट सबैभन्दा महत्त्वपूर्ण कारणमा ◎ लगाउनुहोस्।

मिल्ने नम्बरहरू सबैमा ○ लगाई, सबैभन्दा महत्त्वपूर्ण कारणमा ◎ लगाउनुहोस्।

1. विवाह गरेर बच्चा जन्माउनु भनेको स्वाभाविक कुरा हुनाले
2. बच्चा भयो भने वरपरका मान्छेहरूबाट स्वीकार गरिने हुनाले
3. बच्चा भयो भने दैनिक जीवन रमाइलो र समृद्ध हुने हुनाले
4. बच्चाले बुढेसकालमा सहारा दिने हुनाले
5. बच्चाहरू भविष्यमा समाजको मेरुदण्ड हुने हुनाले
6. बच्चाले विवाहित दम्पतीको सम्बन्ध स्थिर बनाउने हुनाले
7. मन पर्ने मान्छेको बच्चा जन्माउन चाहने हुनाले
8. प्रेम सम्बन्धमा रहेको व्यक्ति, आमाबुबा जस्ता वरपरका मान्छेहरूले आशा गर्ने हुनाले
9. अन्य ( )

見本 Sample

## ● <u>सबैले</u> जीवनशैलीबारे जवाफ दिनुहोस्।

प्र.21 तपाईको जीवनशैलीबारे जवाफ दिनुहोस्। तलको ①~⑦ को प्रत्येक जीवनशैली तपाई आफैमा मिल्छ वा मिल्दैन भन्नेबारे, प्रत्येकको दायाँ स्तम्भको एउटा मिल्ने नम्बरमा ○ लगाउनुहोस्।

| | (बायाँको विचारधारासँग) 1 मिल्छ | 2 कुनै एक भन्नु पर्दा मिल्छ | 3 कुनै एक भन्नु पर्दा मिल्दैन | 4 मिल्दैन |
|---|---|---|---|---|
| | प्रत्येकको एउटा नम्बरमा ○ लगाउनुहोस्। | | | |
| ① काम बाहेक, प्रायः स्वदेश र विदेश यात्रा गर्छु। | 1 | 2 | 3 | 4 |
| ② लुगा र आफ्नो सामानहरू प्रति विशेष प्राथमिकता वा चासो दिन्छु। | 1 | 2 | 3 | 4 |
| ③ चाहेको कुरा किन्न र मन परेको कुरामा प्रयोग गर्ने पैसा कम छ। | 1 | 2 | 3 | 4 |
| ④ सहज रूपमा सँगै समय बिताउन सक्ने साथीहरू धेरै छन्। | 1 | 2 | 3 | 4 |
| ⑤ जिउनुको उद्देश्य अनुभूति दिने प्रकारको रुचि र लाइफवर्क छ। | 1 | 2 | 3 | 4 |
| ⑥ एक्लै दैनिक जीवन बिताए पनि एक्लो महसुस हुँदैन। | 1 | 2 | 3 | 4 |
| ⑦ **【काम भएको व्यक्तिको लागि मात्र】** कामको लागि प्रायः आफ्नो व्यक्तिगत जीवन त्याग्ने गर्छु। | 1 | 2 | 3 | 4 |

## ● <u>सबैले</u> हालको स्वास्थ्य स्थितिबारे जवाफ दिनुहोस्।

प्र.22 तपाईको हालको स्वास्थ्य स्थिति कस्तो छ? एउटा मिल्ने नम्बरमा ○ लगाउनुहोस्।

1. राम्रो छ।  2. केही हदसम्म राम्रो छ।  3. सामान्य छ।  4. त्यति राम्रो छैन।  5. राम्रो छैन।

प्र.23 तपाईको हालको उचाइ, तौल तथा धूम्रपान गर्ने बानीको बारेमा जवाफ दिनुहोस्।

उचाइ [ | | ] cm  तौल [ | | ] kg  धूम्रपान गर्ने बानी (एउटा मिल्ने नम्बरमा ○ लगाउनुहोस्।) ( 1. छैन।  2. पहिले थियो।  3. अहिले छ। )

※ हाल गर्भावस्थामा रहेको व्यक्तिले गर्भधारण गर्नु अघिको तौल लेख्नुहोस्।

## ● सबैले विवाह सम्बन्धी आफ्नो सोचबारे जवाफ दिनुहोस्।

प्र.24 आफ्नो पूरा जीवनलाई विचार गरेर हेर्दा, तपाईको विवाहप्रतिको विचार निम्न मध्ये कुन हो?

1. कुनै दिन विवाह गर्ने विचार छ।
2. आजीवन विवाह गर्ने विचार छैन। → प्र. 31 मा जानुहोस्।

प्र.25 त्यसैगरी, आफ्नो पूरा जीवनलाई विचार गरेर हेर्दा, तपाईको विवाहप्रतिको विचार निम्न मध्ये कुन हो?

1. निश्चित उमेरसम्ममा विवाह गर्ने विचार छ।
2. आफूले कल्पना गरेको जस्तो व्यक्ति नभेटेसम्म विवाह नगरे पनि हुन्छ।

見本 Sample

## "कुनै दिन विवाह गर्ने विचार छ" भनेर भन्नुभएको व्यक्तिले निरन्तर जवाफ दिइरहनुहोस्

प्र.26 त्यसो भए आजदेखि 1 वर्ष भित्र विवाह गर्नेबारे तपाईको कस्तो विचार छ?

1. 1 वर्ष भित्र विवाह गर्न चाहन्छु।
2. आफूले कल्पना गरेको जस्तो व्यक्ति भेटेमा विवाह गरे पनि हुन्छ।
3. अझै विवाह गर्ने विचार छैन।

प्र.27 तपाई कति वर्षको उमेरमा कति वर्षको व्यक्तिसँग विवाह गर्न चाहनुहुन्छ?
लाइन भएको ठाउँमा तपाईको इच्छित उमेर लेख्नुहोस्।

आफू ( ___ ) वर्ष जतिको बेलामा

( ___ )वर्ष जतिको व्यक्तिसँग विवाह गर्न चाहन्छु।

見本 Sample

प्र.28 तपाई पति वा पत्नी निर्धारण गर्दा निम्न ①~⑧ को विषयहरूलाई कतिको महत्त्व दिनुहुन्छ?
प्रत्येकको मिल्ने नम्बरमा एक-एक वटामा ◯ लगाउनुहोस्।

| | | | | |
|---|---|---|---|---|
| ① | विवाह गर्ने व्यक्तिको शैक्षिक पृष्ठभूमि | 1. महत्त्व दिन्छु। | 2. विचार गर्छु। | 3. त्यति सम्बन्ध छैन। |
| ② | ाववाह गन व्याक्तका पसा | 1. महत्त्व दिन्छु। | 2. विचार गर्छु। | 3. त्यति सम्बन्ध छैन। |
| ③ | विवाह गर्ने व्यक्तिको आय जस्ता आर्थिक क्षमता | 1. महत्त्व दिन्छु। | 2. विचार गर्छु। | 3. त्यति सम्बन्ध छैन। |
| ④ | ाववाह गन व्याक्तका व्याक्तत्व | 1. महत्त्व दिन्छु। | 2. विचार गर्छु। | 3. त्यति सम्बन्ध छैन। |
| ⑤ | विवाह गर्ने व्यक्तिको अनुहार तथा समग्र शारीरिक आकृति | 1. महत्त्व दिन्छु। | 2. विचार गर्छु। | 3. त्यति सम्बन्ध छैन। |
| ⑥ | आफ्नो जस्तै रुचि छ वा छैन भन्ने कुरा | 1. महत्त्व दिन्छु। | 2. विचार गर्छु। | 3. त्यति सम्बन्ध छैन। |
| ⑦ | आफ्नो कामप्रतिको बुझाइ र सहयोग | 1. महत्त्व दिन्छु। | 2. विचार गर्छु। | 3. त्यति सम्बन्ध छैन। |
| ⑧ | घरको काम र शिशु स्याहारप्रतिको क्षमता र मनोवृत्ति | 1. महत्त्व दिन्छु। | 2. विचार गर्छु। | 3. त्यति सम्बन्ध छैन। |

प्र.29 यदि तपाईले हाल प्रेम सम्बन्ध भएको व्यक्तिसँग (अथवा आफूले कल्पना गरेको जस्तो व्यक्ति भेटेको खण्डमा) 1 वर्ष भित्र विवाह गर्नुभयो भने, कुनै बाधा सृजना होला जस्तो लाग्छ? बायाँ तलको बक्सको मिल्ने नम्बरमा ◯ लगाउनुहोस्। 1 मा ◯ लगाएको व्यक्तिले दायाँपट्टिको बक्स भित्रबाट 2 वटासम्म ठोस बाधा चयन गरी, दायाँको जवाफ दिने ठाउँमा नम्बर लेख्नुहोस्।

**कुनै एउटा नम्बर मा ◯ लगाउनुहोस्**

1 वर्ष भित्र विवाह गऱ्यो भने

1. बाधा सृजना हुन्छ जस्तो लाग्छ। →
2. बाधा सृजना हुने कुरा छैन जस्तो लाग्छ।

**दायाँको जवाफ दिने ठाउँमा नम्बर लेख्नुहोस्**

1. विवाहित जीवनको लागि निवास
2. विवाह कोष (विवाह समारोह र नयाँ जीवन सुरु गर्ने तयारीमा लाग्ने खर्चहरू)
3. आमाबुबाको स्वीकृति
4. आमाबुबासँगै बसोबास र पालनपोषण
5. विद्यालय र शैक्षिक समस्याहरू
6. पेसा र काम सम्बन्धित समस्याहरू
7. उमेरसँग सम्बन्धित कुराहरू
8. स्वास्थ्यसँग सम्बन्धित कुराहरू
9. अन्य ( )

→

| जवाफ दिने ठाउँ (नम्बर लेख्नुहोस्) | |
|---|---|
| सबैभन्दा ठूलो बाधा | दोस्रो ठूलो बाधा |
| | |

प्र.30　तलबाट तपाईले हाल तपाई एकल (अविवाहित) हुनुको कारण चयन गर्नुपर्दा कुन चयन गर्नुहुन्छ? आफूसँग सबैभन्दा मिल्ने जस्तो लाग्ने कारण अधिकतम 3 वटा चयन गरी, दायाँको जवाफ दिने ठाउँमा नम्बर लेख्नुहोस्। (विवाहको निर्णय भइसकेको व्यक्तिले "सबैभन्दा ठूलो कारण" को ठाउँमा "12" भनेर लेख्नुहोस्)।

दायाँको जवाफ दिने ठाउँमा नम्बर लेख्नुहोस्।

1. विवाह गर्नको लागि म अझै अत्यन्तै जवान छु।
2. अझै विवाह गर्ने आवश्यकता महसुस गरेको नहुनाले।
3. अहिले काम (अथवा अध्ययन) मा ध्यान केन्द्रित गर्न चाहेको हुनाले।
4. अहिले आफ्नो रुचि र मनोरञ्जनको आनन्द लिन चाहेको हुनाले।
5. एकल (अविवाहित) रहनुको स्वतन्त्रता र सहजता गुमाउन नचाहेको हुनाले।
6. विवाह गर्ने सही व्यक्तिसँग अझै भेट नभएको हुनाले।
7. विपरीत लिङ्गीसँग ठीकसँग सम्बन्ध बनाउन नसक्ने हुनाले।
8. विवाह कोष (खर्च) नपुग्ने हुनाले
9. विवाहित जीवनको लागि निवासको योजना नभएको हुनाले।
10. आमाबुबा, वरपरका मान्छेहरूले विवाह गर्ने कुरासँग (सायद) सहमत नहुने हुनाले
11. अन्य　(　　　　　　　　)
12. विवाहको निर्णय भइसक्यो।

| जवाफ दिने ठाउँ (नम्बर लेख्नुहोस्।) | | |
|---|---|---|
| सबैभन्दा ठूलो कारण | दोस्रो ठूलो कारण | तेस्रो ठूलो कारण |
| | | |

विवाह गरेको अनुभव भएको व्यक्ति → प्र. 33 मा जानुहोस्।

विवाह गरेको अनुभव नभएको व्यक्तिको → सर्वेक्षण यहाँ समाप्त भयो। अन्त्यमा रहेको राय लेख्ने ठाउँमा जानुहोस्।

見本 Sample

● "आजीवन विवाह गर्ने विचार छैन।" भनेर जवाफ दिनुभएको व्यक्तिले (प्र. 24 मा 2 मा ○ लगाएको व्यक्ति) जवाफ दिनुहोस्।

प्र.31　अहिलेको भावना जस्तो भए पनि, विगतमा "कुनै दिन विवाह गर्ने विचार छ" भन्ने कुरा मनमा आएको छ?

1. छ　　　2. छैन।

प्र.32　भविष्यमा (1)तपाईको विचार "कुनै दिन विवाह गर्ने विचार छ।" मा परिवर्तन हुने सम्भावना छ? बायाँ तलको बक्सको मिल्ने नम्बरमा ○ लगाउनुहोस्। 1~3 चयन गरेको व्यक्तिले (2) परिवर्तन हुने खण्डमा, त्यसको कारणको रूपमा विचार गर्न सकिने कुरा दायाँपट्टिको बक्स मध्येबाट 3 वटासम्म चयन गरी, दायाँको जवाफ दिने ठाउँमा नम्बर लेख्नुहोस्।

(1)विवाहप्रतिको विचार परिवर्तनको सम्भावना

विवाहप्रतिको विचार परिवर्तनको सम्भावना

भविष्यमा विवाहप्रतिको विचार परिवर्तन हुने सम्भावना

1. छ।
2. हुन सक्छ।
3. सायद हुँदैन।
4. हुँदैन।

(2)"कुनै दिन विवाह गर्ने विचार छ" मा परिवर्तन हुने अवस्थाको कारण

दायाँको जवाफ दिने ठाउँमा नम्बर लेख्नुहोस्।

1. रोजगार/कामको सर्तहरूमा सुधार भएमा
2. आय, बचत बढेमा
3. शिशु स्याहार सहयोग नीतिमा सुधार भएमा
4. घरको काम र शिशु स्याहार पुरुष र महिला बीच बाँडफाँड गरिने समाज भएमा
5. परिवारलाई पालनपोषण गर्ने जिम्मेवारी पुरुष र महिला दुबैले निभाउने समाज भएमा
6. विवाह सम्बन्धी कानुन र प्रणाली परिवर्तन भएमा
7. विपरीत लिङ्गीसँग भेट्ने अवसर बढेमा
8. विवाह गर्न इच्छा लाग्ने व्यक्ति देखा परेमा
9. बच्चा भएमा
10. आफ्नो वा परिवारको व्यक्तिगत परिस्थितिमा परिवर्तन भएमा
11. अन्य　(　　　　　　　　)

| जवाफ दिने ठाउँ (नम्बर लेख्नुहोस्।) | |
|---|---|
| सबैभन्दा ठूलो कारण | |
| दोस्रो ठूलो कारण | |
| तेस्रो ठूलो कारण | |

**विगतमा विवाह गरेको अनुभव भएको व्यक्तिले जवाफ दिनुहोस्।**

प्र.33 तपाईंको पहिलो विवाहको साल र महिना र अहिलेसम्म अनुभव गरेको विवाह संख्या लाइन भएको ठाउँमा लेख्नुहोस्।

| तपाईंको पहिलो विवाहको बारेमा | | | (3)हालसम्म अनुभव गरेको विवाह संख्या |
|---|---|---|---|
| (1) विवाहित जीवन सुरु गरेको साल र महिना | (2) सँगै बसोबास गर्न छोडेको बेला अथवा पति वा पत्नीको मृत्यु भएको साल र महिना | | |
| [ 1. स्योवा 2. हेइसेइ 3. रेइवा 4. इस्वी संवत् ] _________साल_______महिना | [ 1. स्योवा 2. हेइसेइ 3. रेइवा 4. इस्वी संवत् ] _________साल_______महिना | → | ( ___ )पटक |

प्र.34 पहिलो पति वा पत्नीसँग कहिले तिर, कस्तो अवसरमा चिनजान भएको थियो? (1) चिनजान भएको साल र महिना लेखी (2)चिनजान भएको अवसरसँग मिल्ने एउटा नम्बरमा ○ लगाउनुहोस्। साथै विवाह गरेको व्यक्तिको (3) विवाह गर्दाको उमेर, (4) अन्त्यमा स्नातक (पास) गरेको (अथवा त्यो बेला अध्ययन गरिरहेको) विद्यालय (विवाह गरेको बेला) को बारेमा जवाफ दिनुहोस्।

| (1)चिनजान भएको साल र महिना | (2) कस्तो अवसरमा चिनजान भयो? | पहिलो पति वा पत्नीको बारेमा (3)विवाह गर्दाको उमेर | (4)अन्त्यमा स्नातक (पास) गरेको (अथवा अध्ययन गरिरहेको) विद्यालय (विवाह गरेको बेला) |
|---|---|---|---|
| 1. स्योवा<br>2. हेइसेइ<br>3. रेइवा<br>4. इस्वी संवत्<br>______ साल<br>_______महिना तिर | एउटा मिल्ने नम्बरमा ○ लगाउनुहोस्।<br>1. विद्यालयमा<br>2. कार्यस्थल वा कामको सम्बन्धमा<br>3. बाल्यकालको साथी/छिमेकी<br>4. विद्यालय बाहेकको सर्कल, क्लब गतिविधिहरू वा अतिरिक्त क्रियाकलापमा<br>5. साथी/दाजुभाइ दिदीबहिनी मार्फत<br>6. विवाह गर्ने उद्देश्यले अरूले चिनाइदिने सेवा (यसमा आफन्त, हाकिम आदिले गरिदिएको परिचय पनि पर्छ)<br>7. विवाह परामर्श केन्द्रमा (यसमा अनलाइन पनि पर्छ)<br>8. सहरमा वा यात्रामा गएको ठाउँमा<br>9. आरुबाइतोमा<br>10. (माथि लेखिएका कुराहरू बाहेक) इन्टरनेटमा※<br>↳( विस्तृत रूपमा )<br>11. अन्य →( विस्तृत रूपमा ) | ( ___ )वर्ष | एउटा मिल्ने नम्बरमा ○ लगाउनुहोस्।<br>1. निम्न माध्यमिक वि<br>2. उच्च माध्यमि<br>3. विशेष प्रशिक्षण कलेज • भोकेसनल विद्यालय (उच्च माध्यमिक विद्यालय स्नातक (पास) पछि)<br>4. जुनियर कलेज/प्राविधिक कलेज<br>5. विश्वविद्यालय<br>6. स्नातक विद्यालय (मास्टर)<br>7. अन्य<br>( ) |

※"इन्टरनेटमा" ले SNS, वेबसाइट, एप्लिकेसन आदिमा गरिने कुराकानीको क्रममा चिनजान भएको अवस्थालाई जनाउँछ।

見本 Sample

**प्रश्नहरू समाप्त भयो। अर्को पृष्ठमा स्वतन्त्र रूपमा लेख्ने ठाउँ छ। (राय आदि नभएमा त्यसलाई खाली छोडे पनि हुन्छ)।**

तपाईहरूले दैनिक जीवन बिताउने क्रममा लागु गरिदिए हुन्थ्यो अथवा सुधार गरिदिए हुन्थ्यो जस्तो महसुस भएको नीति छ?

यस बाहेक यो सर्वेक्षणमा बुझ्न गाह्रो भाषा वा जवाफ दिन गाह्रो भएका ठाउँहरू थियो?भविष्यको सर्वेक्षणलाई सुधार गर्नको लागि उपयोगी हुने हुनाले तलको लेख्ने ठाउँमा स्वतन्त्र रूपमा लेख्नुहोस्।

सहयोगको लागि धन्यवाद।
तपाईले जवाफ दिनुभएको सर्वेक्षण पत्रलाई सङ्कलन गरिने खाममा हालेर, गम लगाएर बन्द गरेपछि सर्वेक्षण अधिकारीलाई हस्तान्तरण गर्नुहोस्।
राष्ट्रिय सामाजिक सुरक्षा तथा जनसंख्या समस्या अनुसन्धान संस्थानमा नपुगेसम्म बीचमा खाम खोलिनेछैन।

※ तपाईको बहुमूल्य समयको लागि हामी हार्दिक आभार व्यक्त गर्न चाहन्छौं।यो सर्वेक्षणको नतिजा यस अनुसन्धान संस्थानमा तथ्याङ्कीय विश्लेषण गरी सम्पूर्ण जापानबासीको दैनिक जीवन सुधारको लागि उपयोग गरिनेछ।साथै विगतका नतिजाहरू सर्वेक्षणको दायरामा पर्ने व्यक्तिहरूको लागि बनाइएको होमपेज ("सर्वेक्षणमा सहयोग गर्नुहुन अनुरोध" मा URL लेखिएको छ) मा राखिएको छ।

見本 Sample

# § सर्वेक्षण सम्बन्धी व्याख्या

◇ **विवाह र प्रसूति सम्बन्धी राष्ट्रिय सर्वेक्षण (प्रजनन प्रवृत्ति सम्बन्धी आधारभूत सर्वेक्षण) भनेको के हो?**

विवाह र प्रसूति सम्बन्धी राष्ट्रिय सर्वेक्षण (प्रजनन प्रवृत्ति सम्बन्धी आधारभूत सर्वेक्षण) भनेको के हो?यो सम्पूर्ण जापानबासीको विवाह, प्रसूति र शिशु स्याहारबारे अनुसन्धान गर्ने राष्ट्रव्यापी नमुना सर्वेक्षण हो र लगभग हरेक 5 वर्षको अन्तरालमा गरिँदै आएको छायो सत्रौँ प् पटक हो। विवाहित दम्पतीको लागि र एकल (अविवाहित) व्यक्तिहरूको लागि गरी 2 प्रकारका सर्वेक्षणहरू छन्।

◇ **सर्वेक्षणको उद्देश्य**

राष्ट्रिय सरकार र स्थानीय सरकारले विभिन्न नीतिहरू कार्यान्वयन गर्दा निवासीहरूले सामना गरिरहेका परिस्थिति र समस्याहरू नबुझीकन हुँदैनायो सर्वेक्षणको उद्देश्य भनेको सम्पूर्ण जापानबासीको विवाह, प्रसूति र शिशु स्याहारको स्थिति बुझी, यी मुद्दाहरूसँग सम्बन्धित नीतिगत समस्याहरूलाई सामाजिक

विज्ञानको दृष्टिकोणबाट अनुसन्धान गर्नु हो।विशेष गरी हाल जापानमा जन्मदर घट्दो क्रममा छ, जसले गर्दा घट्दो जनसंख्या, बढ्दो वृद्धवृद्धाको संख्या र हरेक व्यक्तिको जीवनशैलीमा हुने परिवर्तनले भविष्यको जापानी समाजमा ठूलो असर पुर्‍याउँछ भनेर औँल्याइएको छायो वर्तमान घट्दो जन्मदरको स्थितिलाई बुझेर त्यसको कारणहरू पत्ता लगाउनु यस सर्वेक्षणको लक्ष्यहरू मध्येको एक लक्ष्य हो।

◇ **सर्वेक्षणको दायरा**

यो सर्वेक्षणमा जापानभरिबाट र्‍याण्डम स्याम्पलिङ विधिद्वारा चयन गरिएका क्षेत्रहरूमा बसोबास गर्नुहुने व्यक्तिहरूलाई लक्षित गरिएको छ र तलका 2 समूहहरूका व्यक्तिहरूको लागि छुट्टाछुट्टै सर्वेक्षण पत्र तयार गरिएको छ।

[विवाहित व्यक्तिको लागि सर्वेक्षण पत्र]


दर्ता गरेको भए तापनि, नगरेको भए तापनि, हाल जुन 30 तारिखको मितिमा विवाहित 55 वर्ष भन्दा कम उमेरका सम्पूर्ण महिलाहरू यसको दायरामा पर्नेछन्।

[एकल (अविवाहित) व्यक्तिहरूको लागि सर्वेक्षण पत्र]

हाल जुन 30 तारिखको मितिमा सम्पूर्ण 18 वर्ष वा सोभन्दा बढी~55 वर्ष भन्दा कम उमेरका एकल (अविवाहित) व्यक्तिहरू (पुरुष तथा महिला) यसको दायरामा पर्नेछन्।

◇ **सर्वेक्षणको प्रक्रिया**

यो सर्वेक्षण राष्ट्रिय सामाजिक सुरक्षा तथा जनसंख्या समस्या अनुसन्धान संस्थान (स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयमा अन्तर्गतको राष्ट्रिय अनुसन्धान संस्थान) ले तथ्याङ्क ऐन बमोजिम आन्तरिक मामिला तथा सञ्चार मन्त्रीको स्वीकृतिमा राष्ट्रिय सरकार, जिल्ला (अथवा जापान सरकारको अध्यादेशद्वारा तोकिएका सहरहरू, प्रमुख सहरहरू, सार्वजनिक स्वास्थ्य केन्द्रहरू भएका सहरहरू र विशेष वडाहरू) र स्थानीय स्वास्थ्य केन्द्रहरूको सहकार्यमा गर्नेछ।जिल्ला प्रमुख (सहर प्रमुख वा वडा प्रमुख) द्वारा नियुक्त गरिएको सर्वेक्षण अधिकारी तपाईहरूको घरमा आई सर्वेक्षण पत्र आदि वितरण गरी, अनलाइन जवाफ अथवा तपाईले लेखेर भर्नुभएको सर्वेक्षण पत्र (खाममा हाली सिल गरिएको सर्वेक्षण पत्र) सङ्कलन गर्ने विधिद्वारा सर्वेक्षण गरिनेछ।




◇ **गोपनीयता र व्यक्तिगत जानकारीको संरक्षणको बारेमा**

यो सर्वेक्षण पत्रमा दिइएको सबै जवाफहरूलाई तथ्याङ्क बनाउने उद्देश्यका लागि मात्र प्रयोग गरिनेछ र यस बाहेक अन्य कुनै पनि प्रयोगलाई "तथ्याङ्क ऐन" भनिने कानुनद्वारा कडा रूपमा निषेध गरिएको छातपाईहरूले जवाफ दिई सङ्कलन गरिने खाममा सिल गरिएको सर्वेक्षण पत्र सर्वेक्षण अधिकारीले सङ्कलन गरेपछि पनि खोलिनेछैन र त्यसलाई राष्ट्रिय सामाजिक सुरक्षा तथा जनसंख्या समस्या अनुसन्धान संस्थानमा पुर्‍याइनेछ। त्यसपछि कडाइका साथ व्यवस्थापन गरिनेछ।तथ्याङ्क बनाउने प्रक्रियामा व्यक्तिको पहिचान हुने सबै जानकारी हटाइनेछ।त्यसकारण व्यक्तिगत जानकारी अरूलाई थाहा हुने अवस्था कदापि आउनेछैन।

◇ **अन्य सोधपुछहरू**

यदि तपाईसँग कसरी प्रतिक्रिया दिने भन्ने बारे कुनै प्रश्नहरू छन् भने, कृपया कल सेन्टरमा सम्पर्क गर्नुहोस्। यस सर्वेक्षण, विगतका सर्वेक्षण परिणामहरू, र बारम्बार सोधिने प्रश्नहरूको बारेमा विस्तृत जानकारीको लागि, कृपया "प्रजनन प्रवृत्ति सम्बद्धि आधारभूत सर्वेक्षण" का लक्षित प्रयोगकर्ताहरूको वेबसाइट हेर्नुहोस्। कृपया "सहयोगको लागि अनुरोध" हेर्नुहोस्।

見本 Sample

**विवाह र प्रसूति सम्बन्धी राष्ट्रिय सर्वेक्षण (प्रजनन प्रवृत्ति सम्बन्धी आधारभूत सर्वेक्षण)लगायत आधिकारिक तथ्याङ्कको निर्माण तथ्याङ्क ऐन बमोजिम गरिनेछ।**

◆ तथ्याङ्क ऐन भनेको समाजमा आवश्यक जानकारी पूर्वाधारको रूपमा तथ्याङ्क व्यवस्थापन गर्नको लागि बनाइएको नियमहरू हुन्।

◆ तथ्याङ्क ऐनले उपयोगी हुने तथ्याङ्कको व्यवस्थापन मार्फत जापानबासीको दैनिक जीवनलाई सुधार गर्नेछ।

◆ विवाह र प्रसूति सम्बन्धी राष्ट्रिय सर्वेक्षण (प्रजनन प्रवृत्ति सम्बन्धी आधारभूत सर्वेक्षण) को नतिजालाई राष्ट्रिय सरकार र

**व्यक्तिगत जानकारीलाई कडाइका साथ संरक्षण गरिनेछ।**

◆ विवाह र प्रसूति सम्बन्धी राष्ट्रिय सर्वेक्षण (प्रजनन प्रवृत्ति सम्बन्धी आधारभूत सर्वेक्षण) मा तथ्याङ्क ऐनको नियम अनुसार व्यक्तिगत जानकारीलाई कडाइका साथ संरक्षण गरिनेछ।

◆ सर्वेक्षण पत्रमा लेखिएका कुराहरूलाई कडाइका साथ गोप्य राखिनेछ र तथ्याङ्क बनाउनको लागि मात्र प्रयोग गरिनेछ। अन्य उद्देश्यको लागि प्रयोग गर्ने कुरालाई तथ्याङ्क ऐनद्वारा निषेध

見本 Sample